## परिचय

लागुऔषध अपराधको रोकथाम तथा नियन्त्रण गरी लागु औषध दुर्व्यसन रहित समाजको निर्माण गर्ने उद्देश्यले मिति २०४९/०२/२४ गते "लागु औषध नियन्त्रण कानून कार्यान्वयन इकाई" को स्थापना भई मिति २०६९/०८/१४ गते नेपाल सरकार मन्त्री परिषदको निर्णयद्वारा प्रहरी नायव महानिरीक्षक प्रमुख रहने गरी "लागु औषध नियन्त्रण व्यूरो" (Narcotics Control Bureau) को रुपमा स्तरोन्नती भएको छ। हाल व्यूरोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा लगायत तराईका ९ वटा जिल्ला स्थित सीमा नाकाहरु समेत गरी १५ वटा शाखा कार्यालयहरु रहेका छन् । लागु औषधको उत्पादन, संचय, ओसार–पसार, बिक्री–वितरणको नियन्त्रण तथा ला.औ. अपराध अनुसन्धान र कानून कार्यान्वयन गर्ने गराउने कार्यमा यस व्यूरोले केन्द्रीय निकायको रुपमा भुमिका निर्वाह गर्दै आएको छ । यस व्यूरोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ ले व्यवस्था गरे अनुसार कार्य सम्पादन गर्दै आईरहेको छ भने संयुक्त राष्ट्रसंघ लागायत अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई पनि प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आईरहेको छ। यसको अलावा लागु औषध अपराधलाई प्रभावकरी रुपमा रोकथाम, न्यूनीकरण तथा नियन्त्रण गर्न यस सम्बन्धी कार्य गर्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गर्ने र आपूर्ति नियन्त्रणमा यस व्यरोले महत्वपुर्ण भुमिका निर्वाह गर्दै आइरहेको छ।

## मूलमन्त्र

"लागु औषध अपराध रहित समाजको निर्माण"।


## लक्ष्य

लागु औषध (नियन्त्रण), ऐन २०३३ को प्रभावकारी रुपमा परिपालना गर्दै लागु औषध आपूर्तीको नियन्त्रणका लागि प्रभावकारी रुपमा कानुन कार्यान्वयन गर्ने।

## परिदृष्य

लागु औषध उत्पादन तथा कारोबार नियन्त्रण गर्न सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय गरी लागु औषधजन्य अपराध रोकथाम तथा नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्ने।

## लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३




## प्रमुख उद्देश्यहरु

- लागु औषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन एवं दुरुपयोगमा नियन्त्रण गर्ने।
- लागु औषध अपराधको प्रभावकारी रुपमा अनुसन्धान गर्ने।
- लागु औषधको अबैध कारोवार तथा दुरुपयोगमा संलग्न व्यक्तिहरुको सूचना संकलन तथा अभिलेख व्यवस्थापन गर्ने,
- लागु औषध दुरुपयोग नियन्त्रण सम्बन्धी कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
- लागु औषध अपराध नियन्त्रणका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय एवं सहकार्य गर्ने।

## लागु औषध नियन्त्रण व्यूरोको काम, कर्तव्य र अधिकार

- लागु औषध बिरुद्द कारवाही गर्ने।
- बिदेशी निकाय तथा संघ सस्थासंग प्रत्यक्ष सम्पर्क राख्ने।
- अन्य प्रहरी ईकाईहरुलाई अनुसन्धानमा सहयोग गर्ने।
- प्रमुख लागु औषध नियन्त्रण अधिकारी समक्ष सुझाब पेश गर्ने।
- कारवाहीको तथ्याङ्क र सुचना सङ्कलन गर्ने।
- लागु औषध अपराधको बिश्लेषण गर्ने।
- लागु औषध नियन्त्रण योजना तर्जुमा गर्ने।
- बिभिन्न देशका प्रहरीसँग संयुक्त कारवाही गर्ने।
- बिभिन्न राष्ट्रिय संघ संस्थाहरू संग समन्वय राख्ने।
- लागु औषध (नियन्त्रण), ऐन २०३३ अनुसार लागु औषध नियन्त्रण कानून कार्यान्वयन इकाई परियोजनाको अधिकार प्राप्त भएकोले पक्राउ गरिए पछि सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयद्वारा नै मुद्दा चलाउनु पर्ने भएकोले संशोधित ऐन नआएसम्म आवश्यकता अनुसार यस इकाईको अनुसन्धान अधिकृतलाई प्रमाण संकलन र मुद्दा दायरको साथै अनुगमन प्रकृयाको क्रममा सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा खटाउने व्यबस्था मिलाउने।

## लागु औषध नियन्त्रणका गतिविधिहरु:-

### रोकथाम, नियन्त्रण, अनुसन्धान तथा कारवाही :-

- आ.ब. २०७९/०८० मुद्दा दर्ता संख्या - ४१००
- मानिस पक्राउ संख्या: ६१८६, (नेपाली: ५९५७, बिदेशी: २२९)
- बरामद लागु औषध- गाँजा: २०,६७१ के.जी.,
- चरेश: ६३० के.जी.,
- हेरोईन: १५.१७९ के.जी.,
- अफिम: ३७.७६ के.जी.,
- कोकिन: १४.५७ के.जी.,
- कोरेक्स: ९५१९ बोटल,
- नाईट्राभेट ट्याब: ११८,७५३,
- नि.ला.औ. एम्पुलहरू: २४०,३४०,
- LSD१०,१०५
- Methamphetamine(ICE)१३७.५४Grm

### जनचेतनामुलक कार्यक्रम :-

- लागु औषधको कारोबार तथा दुर्व्यसन नियन्त्रणलाई प्रभावकारी रुपमा न्युनिकरण र नियन्त्रण गर्न यस व्यूरोले ला.औ. उत्पादन, संचय, ओसारपसार, बिक्रि-वितरण एवं दुर्व्यसन विरुद्ध जन चेतना मुलक कार्यक्रमहरु (Awareness program) समेत आयोजना गर्ने गरेको छ। यसै आ.ब.२०७९/०८० मा ४९२७ वटा लागु औषध बिरूद्दको जनचेतनामुलक कार्यक्रमहरु संचालन गरी २१२,९८७ जना मानिसहरु लाभान्वित भएका छन्।

**" हामी सबैको आवाज लागु औषध दुर्व्यसन मुक्त समाज "**

## तथ्याङ्क सङ्कलन तथा विश्लेषण :-

- लागु औषध अपराध अनुसन्धान नियन्त्रणको लागि वैज्ञानिक ढङ्गबाट सूचना सङ्कलन, विश्लेषण गरी अनुसन्धानलाई प्रमाणमुखी बनाउदै लागु औषधजन्य अपराध सम्बन्धी केन्द्रीय अभिलेखालयको रुपमा विकसित गर्ने योजना रहेको छ।

## समन्वय :-

- लागु औषध अपराध रोकथाम तथा नियन्त्रण कार्यमा सम्बद्ध राष्ट्रिय, अन्तर्राष्ट्रिय निकाय तथा संगठनहरुसंग नेपाल सरकारको नीति र निर्देशन अनुरुप समन्वय र सहकार्य गर्दै पारस्परिक सम्बन्ध बिस्तार गर्दै आएको छ।

## प्रशिक्षण:-

- लागु औषध अपराध रोकथाम, नियन्त्रण तथा व्यवसायिक अनुसन्धान कार्य गर्न सम्बन्धित प्रहरी कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न प्रशिक्षण गतिबिधी संचालन गर्दै आएको छ।

## लागु औषध नियन्त्रण ऐन, २०३३ का विशेषताहरु

- प्राकृतिक तथा औषधीजन्य लागु पदार्थको खेती, उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारीमा प्रतिबन्ध।
- लागु औषध अपराधमा संलग्न व्यक्तिलाई एक महिनादेखि जन्म कैद तथा रु. २५ लाखसम्म जरिवानाको व्यवस्था,
- आर्थिक कारोबारको विवरण माग गर्न सक्ने र सम्पत्ती रोक्का तथा जफत गर्न सक्ने,
- यस अपराध संग सम्बन्धित कुनै कुरा टेप गर्न वा सेन्सर गर्न सक्ने,
- प्रमाणको भार प्रतिवादिमा रहने,
- लागु औषध सम्बन्धी सूचना दिने व्यक्तिलाई पुरस्कार दिने व्यवस्था,
- अनुसन्धान तहकिकात गर्न ९० दिन सम्मको हद म्याद हुने,

## लागु औषध (नियन्त्रण) ऐन, २०३३ मा भएको सजाय सम्बन्धी प्रावधान

| लागु औषधको किसिम | अपराध | अपराधको मापन | कैद (सजाय) | जरिवाना |
|---|---|---|---|---|
| गाँजा | सेवन | सेवन | १ महिना सम्म वा, | रु. २ हजार सम्म |
| | खेती | २५ बोट सम्म<br>२५ बोट भन्दा बढी | ३ महिना सम्म वा,<br>३ वर्ष सम्म वा, | रु. ३ हजार सम्म<br>रु. ५ हजार देखि २५ हजार सम्म |
| गाँजा/ चरेश | उत्पादन, तयारी, खरिद, बिक्रि वितरण, निकासी वा पैटारी, ओसार पसार तथा सञ्चय गर्ने | ५० ग्राम सम्म,<br>५० ग्राम देखि ५०० ग्राम सम्म<br>५०० ग्राम देखि २ किलो सम्म<br>२ किलो देखि १० किलो<br>१० किलो देखि माथि | ३ महिना सम्म वा,<br>१ महिना देखि १ वर्ष सम्म र,<br>६ महिना देखि २ वर्ष सम्म र,<br>१ वर्ष देखि ३ वर्ष सम्म र,<br>२ वर्ष देखि १० वर्ष सम्म र, | रु. ३ हजार सम्म<br>रु. १ हजार देखि ५ हजार सम्म<br>रु. २ हजार देखि १० हजार सम्म<br>रु. ५ हजार देखि २५ हजार सम्म<br>रु. १५ हजार देखि १ लाख सम्म |
| अफिम, कोका वा सो बाट बनेका पदार्थ | सेवन | सेवन | १ वर्ष सम्म वा | रु. १० हजार सम्म |
| | खेती | २५ बोट सम्म<br>२५ बोट भन्दा माथि | १ वर्ष देखि ३ वर्ष सम्म र,<br>३ वर्ष देखि १० वर्ष सम्म र, | रु. ५ हजार सम्म<br>रु. २५ हजार देखि २ लाख सम्म |
| | उत्पादन, तयारी, खरिद, बिक्रि वितरण, निकासी वा पैटारी, ओसार पसार तथा सञ्चय गर्ने | २५ ग्राम सम्म<br>२५ ग्राम देखि १०० ग्राम सम्म<br>१०० ग्राम देखि माथि | ५ वर्ष देखि १० वर्ष सम्म र,<br>१० वर्ष देखि १५ वर्ष सम्म र,<br>१५ वर्ष देखि जन्म कैद र, | रु. ५ हजार देखि २५ हजार सम्म<br>रु. ७५ हजार देखि २ लाख सम्म<br>रु. ५ लाख देखि २५ लाख सम्म |
| मनोद्विपक पदार्थ र तीनको लवण र अन्य पदार्थ | सेवन | सेवन | २ महिना सम्म वा, | रु. २ हजार सम्म |
| | उत्पादन, तयारी, खरिद, बिक्रि वितरण, निकासी वा पैठारी, ओसार पसार तथा सञ्चय गर्ने | | २ वर्ष देखि १० वर्ष सम्म र, | रु. १ लाख देखि २० लाख सम्म |

**International Day against Drug Abuse and Illicit Trafficking 2023**

# PEOPLE FIRST

Stop stigma and discrimination, strengthen prevention.

*" लागु औषध दुरुपयोग बिरुद्धको ऐक्यबद्धता व्यक्ति, समाज र राष्ट्रको प्रतिबद्दता "*



---लागु औषध रहित स्वस्थ र सभ्य समाजको निर्माण गरौं...

# लागु औषध नियन्त्रण व्यूरो

**कोटेश्वर, काठमाण्डौं**

**सूचना अधिकारी: प्र.उ. चक्रराज जोशी**

फोन +९७७-९८५११३२७४३, ncb_spokesperson@nepalpolice.gov.np

०१-४६११०४८, ९८५१२८५४८०, प्रहरी कन्ट्रोल: १००

**email**: ncb@nepalpolice.gov.np, ncb.admin@nepalpolice.gov.np

www.ncb.nepalpolice.gov.np, facebook.com/ncb.nepol

**२०८०**